परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन वर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ३७ २०८३ बैशाख ६ आईतवार Sunday, 19 APR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## पाथीभारा माताको दर्शन र गुराँस फुलेर राताम्य भएको दृष्यमा रमाउँदै पर्यटक


तेह्रथुमको पाथीभारा माता


लाली गुराँसमा रमाउँदे आन्तरिक पर्यटकहरु

विराटनगर । कोशी प्रदेशको तेह्रथुम जिल्लामा पर्ने पूर्वी नेपालको तिनजुरे, मिल्के, जलजले क्षेत्र अन्तर्गत पनृ तीनजुरे पाथीभारामाताका दरवार पुग्दा समम गुराँस फूलेर राताम्यै बनेको आकर्षक दृष्यले पर्यटक वढ्दै गएको छ । डाँडाकाडामा फुलेको फूलेले पर्यटकहरुको आकर्षणको विन्दु बनेको छ ।

बसन्त ऋतुको आगमणसंगै तेह्रथुम, संखवासभा र ताप्लेजुङ जिल्लामा फैलिएको क्षेत्रमा माता पाथीभाराको दर्शनसंगै मनमोहक प्राकृतिक दृश्य र आकर्षक देखिने गरेको छ । रातो, गुलाबी, सेतो तथा अन्य रङका गुराँसले ढाकिएका वनपाखाले टीएमजे क्षेत्रमा पर्ने तीनजुरे पाथीभरा राताम्यै बनेका छन्, जसले गर्दा पर्यटकको आर्कण वढाएको छ ।

पाथिभारामा माताको दर्शनसंग लाली गुराँको मनोरम दृष्य हेर्नकै लागि विराट योग सेवा केन्द्र राधाकृष्ण मन्दिर विराटनगर-१० का योग गुरु देवाननद वशिष्टले भने सुनेभन्दा वढी नै यहाँको मनमोहक दृष्य रहेको र लाली गुराँस नगरपालिका वडा नं. १ मा पर्ने पाथीभारा माताको दर्शनले अफ्र मन हर्षित भएको वताए ।

वहाँले भने पर्यटक दृष्टीले यति नै रमणीय दृष्य भएकोले यस क्षेत्रलाई पर्यटक क्षेत्र वनाएर आन्तरिक तथा वाह्य पर्यटक भित्रियाउ सकिन्छ त्यसको लागि संघिय, प्रदेश र स्थानीय सरकार मिलेर बाटोघाटो बनाउनु पर्ने, पर्यटकको भ्रमण अवधि वढाउन बासको व्यवस्था हुनु पर्ने वताए ।

गुराँस फुल्न सुरु भएसँगै वनजंगल रङ्गिन बन्दै गएको र पर्यटकहरूको चहलपहल उल्लेख्य रूपमा बढेको छ । हरेक वर्ष गुराँस फुल्ने सिजनमा दृश्य अवलोकन गर्न विभिन्न जिल्लाहरुवाट पर्यटक आउनुका साथै छिमेकी देश भारतको विहार, सिक्किम, दार्जिलिङ तथा वेस्ट बंगाल लगायतका स्थानबाट समेत पर्यटकहरू आउने गरेका छन् ।

गुराँसले पूरै पहाड राताम्य बनाएको दृष्यले प्रकृतिसँग जोडिएका प्रकृतिप्रेमी, पदयात्री तथा फोटोग्राफरहरुको समेत भिड लाग्ने गरेको छ । यातायात साधनवाट गएका पर्यटकहरुले चैते सामुदायिक वन उपभोक्त समूहले बनाएको पिकनिक गर्न स्थानमा सवारी साधन पार्क गरी २ घण्टाको हिडाई पछि पाथिभारा माथाको दर्शन गर्न सकिन्छि । केही सवारी साधनहरु पाथिभारामाताको सिढिसम्म समेत पुगिनछ । तर सवारी

बांकी अन्तिम पेजमा...

## सर्वोच्च अदालतद्धारा थापा पक्षलाई आधिकारिकता

विराटनगर । सर्वोच्च अदालतले गगन थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिकता प्रदान गर्दै लामो समयदेखि चलिरहेको पार्टीको आन्तरिक विवादलाई कानुनी रूपमा टुंग्याएको छ ।

न्यायाधीश सारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले विशेष महाधिवेशनलाई वैधानिकता दिने निर्वाचन आयोग को निर्णय सदर गर्दै पूर्वसभापति शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दायर गरेको रिट खारेज गरेको हो । यस फैसलासँगै विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै वैधानिक भएको छ ।

नेतृत्व हस्तान्तरणको विषयलाई लिएर करिब आठ महिनादेखि चर्किएको विवाद अब अदालतको निर्णयमार्फत अन्त्य भएको छ । कांग्रेसभित्रको यो विवाद जेनजी आन्दोलनपछि चर्किएको थियो । जहाँ देउवा नेतृत्वमाथि व्यापक असन्तुष्टि देखिएको थियो ।

त्यसपछि तत्कालीन महामन्त्री थापा र विश्वप्रकाश शर्मा लगायत नेताहरूले विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तनको माग अघि सारेका थिए । पार्टी विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको समर्थन जुटाएर विशेष महाधिवेशन आह्वान गरिएको थियो । त्यसबाट बहुमत सहभागितासहित नयाँ नेतृत्व चयन गरिएको थियो ।

भृकुटीमण्डपमा सम्पन्न गरिएको विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएको थियो । यद्यपि, उक्त निर्णयविरुद्ध देउवा समूह सर्वोच्च पुग्यो ।

सर्वोच्चले पुरानो कार्यसमिति को पदावधि सकिएको, नियमित महाधिवेशन हुन नसकेको र विशेष महाधिवेशन आवश्यक बनेको आधारलाई स्वीकार गर्दै नयाँ नेतृत्वलाई वैधानिकता दिएको हो । फैसलाले विशेष महाधिवेशन मार्फत आएको नेतृत्वले निर्वाचन मा समेत भाग लिइसकेको र जनमतबाट स्वीकृति पाइसकेको तथ्यलाई पनि महत्व दिएको छ ।

यसले पार्टीभित्र संस्थागत ढंगले उठाइएको असन्तुष्टिले कानुनी संरक्षण पाउनसक्ने सन्देश दिएको विश्लेषण गरिएको छ । फैसलापछि देउवा समूहका केही नेताहरूले असन्तुष्टि जनाएका छन् भने नयाँ नेतृत्वले सबैलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाएको छ । अब थापा नेतृत्वलाई पार्टी एकता कायम राख्दै आगामी महाधिवेशन सम्पन्न गर्ने चुनौती देखिएको छ ।

## इन्धनको मुल्य वृद्धि र अभावले आयोजनाहरू ठप्प

विराटनर । अन्तर्राष्ट्रिय स्तरमा चुलिँदै गएको द्वन्द्व र त्यसको प्रभावस्वरूप इन्धन तथा कच्चा पदार्थको मूल्यमा भएका तीव्र वृद्धि अहिले नेपालका विकास निर्माण क्षेत्रमा देखिन थालेको छ ।

विशेषगरी कोशी प्रदेशमा निर्माण उद्योग गम्भीर संकटतर्फ धकेलिएको भन्दै व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार अहिलेको अवस्था सामान्य आर्थिक दबाब नभई समग्र निर्माण प्रणाली नै धरापमा पर्ने संकेत हो ।

निर्माण व्यवसायी महासंघ कोशी प्रदेशले मंगलबार सार्वजनिक गरेको विज्ञप्तिमार्फत इन्धनदेखि निर्माण सामग्रीसम्मको अस्वाभाविक मूल्यवृद्धिले निर्माण उद्योगलाई लगभग ठप्प पार्ने अवस्था सिर्जना भएको जनाएको छ ।

महासंघका प्रदेश महासचिव रमेश कार्कीले जारी गरेको विज्ञप्तिमा डिजेल, पेट्रोल, मट्टितेलजस्ता इन्धनका साथै बिटुमिन, सिमेन्ट र डण्डीजस्ता अत्यावश्यक सामग्रीको मूल्यमा भएको निरन्तर वृद्धिले निर्माण लागत नियन्त्रण बाहिर पुगेको उल्लेख गरिएको छ । यसका साथै बजारमा देखिएको कृत्रिम अभावले निर्माण कार्य सञ्चालन गर्नै कठिन भएको बताइएको छ ।

महासंघका प्रदेश अध्यक्ष जनसेवक भण्डारीका अनुसार अहिले निर्माण उद्योग बहुआयामिक समस्याबाट ग्रसित छ ।

कच्चा पदार्थको अभाव, क्रसर उद्योगसँग सम्बन्धित जटिलता र नियामक निकाय हरूको अस्पष्ट तथा अस्थिर नीतिले निर्माण क्षेत्रलाई झन् असहज बनाएको उनको भनाइ छ । उनले यसअघि पटकपटक नेपाल सरकार र सम्बन्धित मन्त्रालयहरूलाई ध्यानाकर्षण गराइए पनि समस्या समाधानतर्फ

बांकी अन्तिम पेजमा...

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

"समयमै सवारी कर तिरौं। जिम्मेवार नागरिक बनौं।"

| सवारी कर तिर्दा हुने फाइदाहरु | सवारी कर नतिर्दाको बेफाइदाहरु |
|---|---|
| कानूनी वैधता, जरिवानाबाट मुक्ति | जरिवाना र कर थर्पिंदै जाने |
| वार्षिक रुपमा कर तिर्दा व्याज र जरिवानाको अतिरिक्त रकम बचत हुने | धेरै वर्षपछि एकैपटक कर तिर्दा ठूलो रकम तिर्नु पर्ने र व्याज, जरिवाना पनि लाग्ने |
| बीमा नवीकरण र बीमा दाबी हने, दुर्घटना भएमा आर्थिक भार कम हुने | दुर्घटना हुँदा बीमा दाबी नहुने, क्षतिपूर्ति र उपचार खर्च सवारी धनीले व्यहोर्नु पर्ने |
| ब्लु-बुक नवीकरण, जाँचपास, नामसारी, खारेजी जस्ता सेवा लिन सहजता | ब्लु-बुक नवीकरणमा समस्या, ५ वर्षसम्म नवीकरण नभएमा फेरी दर्ता गराउन झन्झट |
| कर तिर्नु नागरिकको कर्तव्य, विकासमा योगदान, जिम्मेवार नागरिकको पहिचान | कर नतिर्दा सरकारी सेवा लिन समस्या, य दुर्घटना परेमा कानूनी जटिलता हुने |
| सुरक्षित यात्रा, ढुक्क भएर यात्रा गर्न सकिने | जोखिम बढ्ने, ट्राफिक चेक पोष्टमा झन्झट हुने |

**आजै आफ्नो ब्लु-बुक चेक गर्नुहोस् र म्याद नाघेको भए नजिकको यातायात कार्यालयमा गई सवारी कर भुक्तानी, ब्लु-बुक नवीकरण र बीमा नवीकरण गर्नु होस् ।**

**धन्यवाद ।**

## ब्राउन सुगर...

स्पास्पेन १ हजार ६०९ ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

चेकजाँचकै क्रममा इलाका प्रहरी कार्यालय हरिनगराले इनरुवा नगरपालिका- १० स्थित सडक छेउमा रोकी राखेको को. १ च ३६११ नम्बरको कारबाट १५ किलो ६०० ग्राम गाँजा बरामद गरे संगै नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेकाहरुको सम्वन्धिमा सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भई रहेकोछ ।

## अरनिको...

त्रैमासिक परीक्षामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरू प्रतिमा रौनियार, प्राञ्जल नेपाल र मञ्जिला ओझालाई सम्मान गरिएको थियो । कक्षा ११ की छात्रा सुम्निमा न्यौपाने तथा कक्षा १२ का विद्यार्थीहरू अर्पिता राजवंशी, अनिक मण्डल र मुस्कान गुप्ताले कलेज जीवनका अनुभव र सिकाइ सुनाएका थिए ।

कलेजका शिक्षक विमल भट्टराईले सञ्चालन गरेको भव्य कार्यक्रमको प्रिन्सिपल राजेश कार्की, सञ्चालक समितिका अध्यक्ष लक्ष्मी अधिकारी, सञ्चालक विकास खनालले संयुक्त रुपमा उदघाटन गरेका थिए ।

कार्यक्रमका विद्यार्थीहरुले सांस्कृतिक नृत्य, गीतलगायतका प्रतिभासमेत प्रस्तुत गरेका थिए ।

## पाथीभारा...

साधन भन्दा हिडेर जाँदा अझ मनमोहक दृष्य हर्न पाउनुको साथै मनमोहक दृष्यलाई कैद गर्न सकिने तीन जुरे घुम्न आएका पर्यटक विराट योग सेवा केन्द्र राधाकृष्ण मन्दिर विराटनगर-१० का प्रशिक्षत्र गंगा प्रसाद दाहाले वताए ।

गुराँसको सुगन्ध, हरियाली वनजंगल र शीतल हावापानीले यहाँ आउने जो-कोहीलाई पनि सजिलै मोहित बनाउने गर्दछ । यही कारणले गर्दा वसन्त ऋतुमा पूर्वी नेपालको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । विश्वमा पाइने ३२ गुराँस प्रजातिमध्ये यहाँ २८ प्रजाति पाइने विभिन्न अध्ययन हरूले जनाएको छ । बढ्दो पर्यटक आगमनसँगै स्थानीय पर्यटन व्यवसायमा समेत उल्लेख्य सुधार देखिएको छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक मौलिकताले भरिपूर्ण तिनजुर क्षेत्रलाई व्यवस्थित प्रचारप्रसार र पूर्वाधार विकाससँग जोड्न सके अझ ठूलो पर्यटकीय सम्भावना बोकेको गन्तव्यका रूपमा विकास गर्न सकिने देखिन्छ ।

कोशी प्रदेशको राजधानी विराटनगरबाट विराट योग सेवा केन्द्र राधाकृष्ण मन्दिर विराटनगर-१० बाट नयाँ वर्ष २०८३ को उपलक्ष्यमा १ दिने भ्रमणको लागि गएको ३० जना समूहका फोटोहरु राखिएको छ ।

## इन्धनको...

कुनै ठोस कदम नचालिएकोमा असन्तुष्टि जनाए ।

निर्माण व्यवसायीहरूको सबैभन्दा ठूलो गुनासो मूल्य समायोजन प्रणालीप्रति केन्द्रित देखिन्छ ।

हाल ठेक्काको मूल्य समायोजन नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित मूल्य सूचकांकका आधारमा हुने व्यवस्था छ । तर, व्यवसायीहरूका अनुसार उक्त सूचकांकले वास्तविक बजार मूल्यको प्रतिबिम्ब गर्न सकेको छैन ।

बजारमा निर्माण सामग्रीको मूल्य आकासिएको अवस्थामा पनि सूचकांकमा घटेको देखिने प्रवृत्तिले व्यवसायीहरू थप घाटामा परेको उनीहरूको भनाइ छ ।

# ब्रह्माकुमारी राजयोग उप सेवा केन्द्रको २५ वर्ष पुरा भएको उपलक्ष्यमा रजम महोत्सव

विराटनगर । ब्रह्माकुमारी राजयोग उप सेवा केन्द्र कञ्चनबारीक विराटनगर -३ को २५ वर्ष पुराघभएको उपलक्ष्यमा रजत जयन्ती महोत्सवको मनाउने भएको छ ।

रजत जयन्ती महोत्सव ( २५ औं वार्षिकोत्सव) पाँच दिवसीय कार्यक्रम बैशाख ४ देखि १२ गते सम्म हुने रजत महोत्सवको पहिलो दिनवैशाख ४ गते पत्रकार सम्मेलनबाट वैशाख ६ गते निशुल्क आँखा शिविर एवं रक्तदान कार्यक्रम सम्पन्न भई सकेको छ ।

वैशान ७ गते शिक्षक तथा शिक्षाविदहरुको स्नेह मिलन एवं सम्मान कार्यक्रम, वैशाख ८ गते संघ संस्था तथा समाज सेवीहरुको स्नेह मिलन एवं सम्मान हुने भएकोछ । वैशाख १२ गतेरजत जयन्ती महोत्सवको समुद्धघाटनको साथै संस्कृतिक कार्यक्रम हुने भएको छ ।

सेवा केन्द्रले समाजमा आध्यात्मिक तवरबाट गरेका सेवाहरुको चर्चाको साथै समाजमा आध्यात्मिक चेतना अभिवृद्धि गर्ने नैतिक मूल्यर सकारात्मक सोचको प्रवर्द्धन गर्नुका साथै समाजमा नि:स्वार्थ सेवा गर्ने समाजसेवीहरुको सम्मान गरी आगामि दिनहरुका लागि उत्प्रेरणा जगाइने छ ।

स्नेह मिलन कार्यक्रमा अन्तर्राष्ट्रि उत्प्रेरक प्रवक्ता वरिष्टराजयोगी प्रशिक्षक ब्रह्माकुमार विजयराज सिगदेलको प्रेरणादायी प्रवचन हुनेछ ।

रजत जयन्ती महोत्सवमा मानिसको वृहद सहभागिता गराई मनाउनेर सेवाकेन्द्रको निर्माण सम्पन भवनको पनि समुद्घाटन गरिने भएकोछ ।

रजत जयन्ती महोत्सव कार्यक्रममा प्रमुख अतिथि: प्रथम महिला जगतगुरु महामण्ड लेश्वर शंकराचार्य हेमानन्द महाराजीले कार्यक्रमा सम्बोधन गर्नु हुनेछ साथै ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालका निर्देशक परम् आदरणीय राजयोगिनी डा.राज दादी माँद्वारा आशीषवचन प्राप्त गरिने छ ।

उक्त कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, शिक्षाविद, समाजसेवी, बुद्धि जीवी, स्थानीयवासी, ब्रह्मा कुमारी परिवारका सदस्यहरू तथा महानगरका सम्पुर्ण महानुभावहरुलाई सहभागिता जनाई आध्यात्मिक लाभ लिन आयोजकले आग्रह गरेका छन् ।

NO SMOKING

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

डिभिजन वन कार्यालय, मोरङको
वन डढेलो नियन्त्रण सम्बन्धी सूचना
यस वर्षको सुख्खा मौसम सुरु भइसकेको छ। वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला तथा सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ:
१. सलाई, लाइटर, राँको जस्ता आगो उत्पन्न गर्ने वस्तुहरू वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं।
२. वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए पूर्ण रूपमा निभाएर मात्र छाडौं।
३. वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकैको वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहरूलाई सूचना दिऔं।
४. डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं।
५. वन डढेलो लगाउने व्यक्तिहरूको पहिचान गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं।
डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क: ९८५२०२६६१४, ९८५२०८१११०

लोकतन्त्र दिवस, २०८३
- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पुरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशीता र समानताको अभ्यास गरौं,
- भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं ।
सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।
नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पूर्वाञ्चल निर्मल जल उद्योग
विराटनगर-८ शान्ति चौक

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सुनाखरीसँगै नयाँ वर्ष र प्रकृतिको संदेश

नेपालमा नयाँ वर्ष केवल पात्रो फेरिने दिन मात्र होइन, आशा, उत्साह र नयाँ संकल्पको सुरुवात पनि हो । विशेषगरी मधेसका केही स्थानमा प्रकृतिले पनि यो अवसरलाई आफ्नै ढंगले स्वागत गर्ने गर्छ । सिरहाको लहान नगरपालिका-१२, फुलबारीमा प्रत्येक वर्ष वैशाख १ गते मात्र फुल्ने सुनाखरी फूल त्यसको ज्वलन्त उदाहरण हो । यो दुर्लभ प्राकृतिक घटना केवल वनस्पतिको चमत्कार मात्र होइन, हाम्रो सांस्कृतिक र पर्यावरणीय चेतनासँग जोडिएको महत्वपूर्ण संकेत पनि हो । सुनाखरी फूलको वैशाख १ गतेमै फुल्ने विशेषता आफैंमा अद्भुत छ ।

हाम्रो समाजको विडम्बना के छ भने, यस्ता दुर्लभ प्राकृतिक सम्पदाप्रति हाम्रो ध्यान अझै पर्याप्त छैन । सुनाखरीजस्ता वनस्पतिहरू अन्धाधुन्ध वन विनाश, अव्यवस्थित शहरीकरण र वातावरणीय बेवास्ताका कारण लोप हुने खतरा बढ्दै गएको छ । लहानको फुलबारीमा देखिने यो फूल केवल स्थानीय गर्वको विषय मात्र नभई राष्ट्रिय सम्पदा पनि हो । यसको संरक्षण, प्रचार-प्रसार र वैज्ञानिक अध्ययनमा स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायले विशेष ध्यान दिन जरुरी छ ।

नयाँ वर्षको अवसरमा हामीले केवल शुभकामना आदान-प्रदानमा सीमित नरही यस्ता प्राकृतिक धरोहरको संरक्षणतर्फ ठोस कदम चाल्नुपर्छ । यदि हामीले आजैदेखि सचेतना र जिम्मेवारी बोध गरेनौं भने, भोलिका पुस्ताले सुनाखरी फूलको कथा केवल किताबमा मात्र पढ्नुपर्ने अवस्था आउन सक्छ । वैशाख १ गते फुल्ने सुनाखरी फूलले दिएको सन्देशलाई आत्मसात गर्दै, यो नयाँ वर्षलाई प्रकृति संरक्षण, सांस्कृतिक पहिचानको जगेर्ना र समृद्ध भविष्य निर्माणतर्फ केन्द्रित गरौं । नयाँ वर्ष २०८३ सबैमा शुभकामना ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ । युवायुवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)** : शारीरीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ । नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ ।

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यु): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु (यो,भा,भी,भु,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ ।

**मकर (भो,जा,जी,जु,जे,ख,खि,खु,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरन्जनको अवसर मिल्ने छ । भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ । पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।

# फेक न्युजले मूर्ख बनाईरहेको त छैन ?

***– सामाजिक सञ्जालमा छ्यापछ्याप्ती फैलिने फेक न्युजले समाज, राजनीति र अर्थतन्त्रमा गम्भीर असर पारिरहेको छ।***

***– डिजिटल साक्षरताको कमी र उत्तेजक शीर्षकका कारण सर्वसाधारण गलत सूचनाको पछि लागेर भ्रमित हुने गरेका छन् ।***

***– फेक न्युजको जालो तोड्न नागरिक आफैं सचेत भई तथ्य जाँच गर्ने बानीको विकास गर्नु आवश्यक छ ।***

शुक्रऋषि चौलागाईं

'बालेन सरकारले पाँच सय र एक हजारका नोट बन्द गर्दै', 'प्रदेश सभा खारेज गर्ने बालेन सरकारको तयारी', 'एमाले नेता महेश बस्नेत पक्राउ' जस्ता शीर्षकहरू, फगत शीर्षक मात्रै हुन् । समाचार होइनन् । तर हाम्रा सामु यी विषयहरू समाचार जस्तै छ्यापछ्याप्ती प्रसारित भइरहेका हुन्छन् । तर यी फेक न्युज अर्थात् मिथ्या सूचना हुन् ।

बालेन सरकारले प्रदेश सभा खारेज गर्दैछ भन्ने कुरा दुई साता अघि फेसबुक, अनलाइन र युट्युबमा फैलियो । भ्रामक स्क्रिन सट र भिडियो क्लिप भाइरल भए । जब कि यो विषय मा आधिकारिक प्रस्ताव या निर्णय सार्वजनिक भएको छैन ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पाँच सय र एक हजारका नोट प्रतिबन्ध गर्दै छन् भन्ने अफवाह सार्वजनिक भयो । नेपाल राष्ट्र बैंकले यो हल्ला मात्रै हो, त्यस्तो कुनै योजना छैन भनेर पुष्टयाई दिन पऱ्यो ।

त्यस्तै केही दिन अघि एमाले सचिव महेश बस्नेत पक्राउ परे भनेर समाचारहरू आए तर उनलाई पक्राउ गरिएकै थिएन ।

यी र यस्तै संवेदनशील विषयलाई पनि अतिरञ्जित ढङ्गले मिडियामार्फत चर्चामा ल्याउने र थप आतङ्कित बनाउने कार्य अझै रोकिएको छैन । प्रत्येकको हातमा मोबाइल छ तर के सही र के गलत भन्ने छुट्याउन सक्ने ल्याकत छैन ।

फेक न्युज, अङ्ग्रेजी शब्दहरू हुन् तर पछिल्लो समय यी शब्दहरूको अत्यधिक प्रयोगसँगै नेपालीकरण गरिए सरह छ । फेक न्युज केवल गलत सूचना मात्र होइन, यो त एउटा जानाजान गरिएको छलकपट हो । गलत सूचना उत्पादन गर्ने र फैलाउने गतिविधि पनि हो ।

सत्यताबाट विमुख झुटो, भ्रमपूर्ण सूचना हो, जसलाई समाचारको रूपमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रसारण या प्रस्तुत गरिन्छ । यसमा काल्पनिक घटनाहरूलाई पनि वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्तो गलत सूचनालाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ । पहिलो, मिसइन्फरमेशन । दोस्रो, डिसइन्फरमेशन । तेस्रो, माल-इन्फरमेशन ।

फेक न्युजमा भावनात्मक भाषा, क्लिकबेट हेडलाइन, फेक फोटो, भिडियो वा एआई जेनेरेटेड डिपफेकको प्रयोग गरिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम, भाइवर, युट्युब, एक्स आदि) को विकाससँगै यो छिटो र व्यापक रूपमा फैलिँदै गएको छ ।

जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु, घृणा फैलाउनु वा आर्थिक फाइदा कमाउनु पनि फेक न्युजको उद्देश्य हो ।

फेक न्युजको महामारी

आम सञ्चारका विज्ञहरूका अनुसार फेक न्युजले कुनै पनि घटनाको वास्तविकता तोडमोड गरी मान्छेलाई भावनात्मक रूपमा प्रभावित पार्ने उद्देश्य राख्छ । यो केवल 'गलत सूचना' मात्र होइन-एक किसिमको हतियार हो ।

सत्य-तथ्यभन्दा पनि आक्रोश जन्य भावना जगाउने भाइरल सामग्रीलाई सामाजिक सञ्जालले स्थान दिने र व्यापक बनाउने काम गर्दै आएको छ । सञ्जालका विभिन्न प्लेटफर्म सही ढङ्गले नचलाएकै कारण पछिल्लो समय अनेक चुनौती र दुर्घटना निम्तिरहेको छ । सञ्जालमा सार्वजनिक फेक न्युजले नै अहिले महामारीको रूप लिँदै छ ।

सामाजिक सञ्जाल आफैमा खराब होइन तर त्यसको सदुपयोग भन्दा दुरुपयोग हुने खतरा बढ्दै गएको छ । एउटा फेक सञ्जाल सञ्चालन गरी सामाजिक सञ्जाल मार्फत फेक न्युज भाइरल गराइन्छ । एउटै फेक समाचारलाई एकै समयमा धेरै माध्यमबाट शेयर गराइन्छ । प्रायः गोप्य रूपमा रहने यी व्यक्ति या समूह आफ्नो लक्ष्य र उद्देश्य अनुसार फेक न्युज मार्फत युद्ध फैलाउँछन् ।

नेपालमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि फेक न्युजको बाढी आयो । त्यसताका फैलिएका फेक न्युज, फोटो र भिडियोले अफवाहको बजार ततायो । भदौ २३ गतेको आन्दोलनमा भएको मानवीय क्षति र घाइतेको विषयमा भ्रामक सूचना फैलियो । फेक भिडियोहरू सार्वजनिक गरिए रु। दोस्रो दिनको आगजनी र तोडफोड पनि भ्रम फैलाउनेका लागि अवसर बन्योरु। सामाजिक सञ्जालमा आएका अनेक फेक न्युज र भिडियो क्लिपले स्थिति थप त्रासदीपूर्ण बनायो ।

इजरायली संस्था सायब्राको प्रतिवेदन अनुसार भदौ २३-२४ को जेनजी विद्रोहमा अनलाइन संवादको ३४ प्रतिशत हिस्सा नक्कली एकाउन्ट र एआईद्वारा निर्मित सामग्रीबाट प्रभावित थियो । १४ लाखभन्दा बढी अन्तर्क्रियामध्ये एक लाख ६४ हजार शङ्कास्पद खाताबाट भएको थियो, जसले ३२ करोड बढी स्किनमा पुगी सरकार विरोधी भाष्यलाई अतिवादी बनाउने प्रयास गरेको थियो ।

फेक न्युज सामान्य गल्ती होइन, यो लोकतान्त्रिक बहस माथिको हस्तक्षेप हो । फेक न्युज स्पष्ट रूपमा 'नक्कली' देखिन्थ्यो भने कोही पनि झुक्किँदैनथ्यो । भ्रमित समाचारले जो कोहीलाई पनि झुक्क्याउन सक्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ता सङ्ख्या तीव्र गतिमा बढिरहेको छ तर सोही अनुपातमा मिडिया र डिजिटल साक्षरता बढेको छैन । नेपालमा डिजिटल साक्षरता लगभग ३१ प्रतिशत मात्रै छ । अधिकांश प्रयोगकर्ताले समाचारको स्रोत हेर्दैनन् र हेडलाइन मात्र पढेर प्रतिक्रिया जनाउँछन् । धेरैजसो प्रयोगकर्ता सामाजिक सञ्जाल मा भेटिने सबै सूचना लाई समाचार ठान्छन् ।

फलतः उनीहरू भावनात्मक र भ्रामक सामग्रीबाट सजिलै प्रभावित हुन्छन् । धारणा बनाउँछन् र निर्णय लिन्छन् । कसैलाई होच्याउने वा बदनाम गर्ने हेतुले आउने गलत समाचारहरू रातारात सामाजिक सञ्जालमा फैलिएर विभिन्न आपराधिक घटना हुने गरेको उदाहरणहरू पनि छन् ।

थोरै पैसा तिरेपछि सामाजिक सञ्जाल र अनलाइन मिडियामा समाचारहरू नै धेरै माथि पुग्ने गरी बुस्ट गर्न मिल्ने व्यवस्था पनि झनै घातक छ । फेक न्युजले आपसमा अविश्वास सिर्जना गरिदिने, मानसिक तनाव दिने र गलत निर्णय लिन बाध्य पार्न सक्ने स्थिति सिर्जना गरिदिन्छ ।

फेक न्युजले व्यक्तिको जीवनसँगै समाज, राजनीति र अर्थतन्त्र जस्ता विषयमा पनि गम्भीर असर पार्छ । फेक समाचारले एउटा समुदायलाई अर्को विरुद्ध उभ्याउने, विभिन्न जातीय नाममा विभाजन गर्ने जस्ता समाज भड्काउने क्रियाकलापहरू हुन सक्छन् । त्यस्तै राजनीतिक रूपमा हेर्ने हो भने, फेक न्युजको कारणले जनताको निर्णय लिने क्षमतालाई पनि कमजोर बनाएको छ ।

फेक न्युजले जनमत विभाजित गर्ने, निर्वाचन प्रक्रिया प्रभावित पार्ने र लोकतन्त्र नै कमजोर पार्ने काम पनि गरिदिन्छ । जस्तैः नेपालमा एमसीसी सम्झौता, निर्वाचन वा विरोध प्रदर्शनका बेला फेक भिडियो र एआई जेनेरेटेड क्लिपहरू फैलिएका थिए, जसले आम नागरिकमा भ्रम सिर्जना गरिदिएको थियो । स्वास्थ्य क्षेत्रमा खोप विरोधी अफवाह पनि फैलिने गर्छन् जसका कारण रोग र महामारी नियन्त्रणमा अनेक कठिनाइ उत्पन्न भएका छन् ।

वास्तविकता गुमराममा राखी भावनालाई भड्काउने र आफ्नो योजना अनुसार जनताहरूलाई परिचालित गर्न पनि फेक न्युजको प्रयोग गरिन्छ । फेक न्युजले मान्छेमा सहजै आक्रोश, चिन्ता, बदलाको भावना, घृणा फैलाउन र हिंस्रक बनाई दिन सक्छ । जातीय/धार्मिक तनाव बढाएर सामाजिक सद्भाव खलबल्याई दिन पनि सक्छ ।

यसले सूचनाको विश्वसनीयता र वैधतालाई नै चुनौती दिन्छ र समाजको निर्णय लिने क्षमतामा गहिरो प्रभाव पार्छ । अध्ययन अनुसार फेक न्युज सत्यभन्दा छिटो फैलिन्छ र दीर्घकालीन रूपमा मिडिया र संस्थाप्रतिको विश्वास घटाउँछ । प्रत्येक नागरिकको सही सूचना प्राप्त गर्ने हक; 'सूचनाको हक' बाट पनि वञ्चित गर्न सक्छ ।

कसरी चिन्ने फेक न्युज ?

फेक न्युज के हो भन्ने माथि उल्लेख गरिसकिएको छ । तर फेक न्युज कसरी चिन्ने ? यो प्रश्न हाम्रा सामु चुनौतीका रूपमा तेर्सिएको छ । भनिन्छ कि 'फेक न्युज त्यो हो जुन फेक न्युज जस्तो लाग्दैन । नक्कली समाचारहरू पनि प्रायः यथार्थजस्तै हुन्छन् । झट्ट हेर्दा हामीले विश्वास गर्ने गरी बनाइएका हुन्छन् ।

फेक न्युजले समाजमा 'असत्य' लाई 'सत्य' झैं देखाउने क्षमता राख्छ । हाम्रो समाजमा कथन नै छ नि हजार पटक झुटलाई सत्य भन्दा झुट नै सत्य बन्न जान्छ । तर यस्ता फेक सूचना, सामग्री र समाचार पहिचान गर्नु पर्छ । यसका लागि हामी स्वयंले सूक्ष्म अध्ययन गर्ने, प्रश्न गर्ने र प्रमाण खोज्ने तर्फ लाग्नु पर्छ ।

निम्न कुरामा ध्यान दिऊँ

- विश्वसनीय सञ्चारमाध्यम, मिडिया वा आधिकारिक वेबसाइट हो कि होइन ? अनलाइन पोर्टल मा सम्पादकीय समूहको नाम तथा जिम्मेवारी लेखिएको छ कि छैन ? त्यो पोर्टलको कार्यालय, सम्पर्क फोन नम्बर, इमेल इत्यादि छ कि छैन ?
- केवल आकर्षक वा आक्रोशपूर्ण हेडलाइन फेक न्युजको पहिलो सङ्केत हुन सक्छ तसर्थ हेडलाइनभन्दा अघि समाचार पढ्ने ।
- धेरै फेक न्युजमा पुरानो वा सन्दर्भविहीन फोटो प्रयोग हुन्छ त्यसैले फोटो वा भिडियोको प्रामाणिकता हेर्ने । जाँच गर्ने ।
- पक्ष, विपक्ष या श्रोतको कुरा र भनाइ छ कि छैन ? कसैको कोड या तथ्य छ छैन हेर्ने ।
- अत्यधिक भावनात्मक शब्दावली प्रयोग फेक न्युजको मुख्य रणनीति हो तसर्थ भावनात्मक ट्रिगरहरू चिन्ने ।
- कहिल्यै नसुनेको, नखोलेको अनलाइनबाट आएको सूचना/समाचार सही हो कि होइन भनेर पुनरपरीक्षण गर्ने ।
- डिजाइन हेर्दा कुनै प्रचलित संस्थाको नाम र डिजाइनसँग मिल्दोजुल्दो हुन सक्छ त्यसैले त्यसमा पनि ध्यान दिने ।
- बतासे अनलाइनहरु वा युट्युब

बाँकी ३ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मन्दिरको परिचय

१. दिनाभद्री मन्दिर सिमराह

धनपालथान गाउँपालिका-४ सिमरहा परतिटोलको पाखेरको रुखको फेदमा अवस्थित दिनाभद्री मन्दिर मुसहर समुदायको आस्था र परम्पराको प्रतीक हो। यो मन्दिर उत्तर-दक्षिण सडक खण्डको पश्चिम किनारमा रहेको छ ।



स्थानीय ५१ वर्षीय मन्नु ऋषिदेवका अनुसार, करिब ३० वर्षदेखि यहाँ पूजाआजा हुँदै आएको छ। दीनाभद्री मुसहर समुदायको आस्थाको केन्द्र बनेको छ ।

मुसहर समुदायले विशेषगरी असार महिनामा सामूहिक चन्दा संकलन गरी धुमधामका साथ दिना र भद्री देवी, हनुमान आदि देवीदेवताको पूजा गर्छन्। पूजाअघि हिन्दु परम्परा अनुसार मन्दिरलाई गोबर र रातो माटोले लिपपोत गरिन्छ ।

दिनाभद्रीको पूजा गर्दा १४ स्थानमा चामलको अक्षता राखी तुलसीको पात, फूल, चुनरी, फलफूल, लड्डु, धूप-दियो, खिर आदि प्रसाद चढाइन्छ। पुजारीले नयाँ वस्त्र लगाएर विधिपूर्वक पूजा गर्छन् ।

करिब ३० वर्षअघि खरको छानाबाट सुरु भएको यो मन्दिर अहिले पनि रुखकै फेदमा अवस्थित छ। घेराबेरा, पक्की संरचना, विजुली, खानेपानी, शौचालय र बाटोको समेत अभाव छ । नियमित पूजाआजा भए पनि हरेक वर्ष असार महिनाको पहिलो साता विशेष किसिमले पूजा आयोजना गरिन्छ।धुमधामका साथ दीनाभद्रीको पुजन महोत्सव मनाइन्छ ।

जानकार मिश्रीलाल ऋषिदेवका अनुसार, मन्दिरलाई अहिलेसम्म सरकारी निकायमा दर्ता गरिएको छैन । यसको नाममा कुनै जग्गा पनि छैन । यस्तोमा स्थितिमा मन्दिरको भविष्य अनिश्चित हुने भएकाले स्थानीय सरकारले सीमान्तकृत समुदायको आस्थासँग जोडिएका यस्ता मन्दिरहरूको संरक्षणका लागि विशेष नीति लिनुपर्दछ भन्ने सचेत सुमदायको अपेक्षा रहेको पाइएको छ ।

# अरनिको कलेजद्धारा १२ का विद्यार्थीलाई विदाइ

विराटनगर । अग्रणी शैक्षिक संस्था अरनिको कलेजले कक्षा १२ को वार्षिक परीक्षामा सहभागी हुने विद्यार्थीहरूलाई भव्य कार्यक्रमबीच बिदाइ गरेको छ ।

वैशाख १४ गतेदेखि सुरु हुने राष्ट्रिय परीक्षा बोर्डको परीक्षामा सहभागी हुने विज्ञान संकायका करिब १ हजार २ सय विद्यार्थीलाई सफलताको शुभकामनासहित बिदाइ गरिएको छ ।

कलेजका प्रिन्सिपल राजेश कार्कीका अनुसार यस वर्ष २२ औं ब्याचका विद्यार्थीहरूलाई औपचारिक रूपमा बिदाइ गर्दै उनले भने अरनिको कलेज विज्ञान शिक्षामा मुलुककै अब्बल संस्थाका रूपमा स्थापित भएको उल्लेख गर्दै विद्यार्थीको उज्ज्वल भविष्यप्रति कलेज प्रतिबद्ध रहेको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रिन्सिपल कार्कीले कलेजमा आर्जन गरेको ज्ञान, सीप र अनुशासनलाई व्यावहारिक जीवनमा रूपान्तरण गर्न विद्यार्थीहरूलाई आग्रह गरे । 'विद्यार्थीको निरन्तर मेहनत र कलेजको गुणस्तरीय शिक्षाले नै अरनिकोको राष्ट्रिय पहिचान वनाएकोछ

सो अवसरमा दोस्रो

वांकी अन्तिम पेजमा...

# झापा, मोरङ र सनसरीबाट ५ पक्राउ

सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिका-६ स्थित सप्तकोशी नदी किनारबाट २ सय २५ किलोग्राम गाँजा सहित ओसार पसारमा संलग्न रहेका २ जनालाई पक्राउ गरिएको छ ।

वैशाख १ गते राती ९ बजे विषेश सुचनाको आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र नगरपालिका-६ स्थित सप्तकोशी नदी किनारमा बगाएर ढुवानी गर्ने बाँसको झाकमुनी प्लास्टिकको ९ वटा बोरामा बाँधी लुकाई छिपाई राखेको अवस्थामा २ सय २५ किलोग्राम गाँजा बरामद गरिएको थियो ।

गाँजा ओसार पसारमा संलग्न बराहक्षेत्र नगरपालिका-६ का बिशेस माझी र रोशन श्रेष्ठलाई को. ३० प ९४७५ नम्बरको मोटरसाईकल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी वैशाख ५ गते झापाको इलाका प्रहरी कार्यालय झिलझिले चेकजाँचको क्रममा शीवसताक्षी नगरपालिका-७ का गंगा बहादुर मगरलाई १३ ग्राम २०० मिलिग्राम लागु औषध ब्राउन सुगर सहित र वडा प्रहरी कार्यालय भद्रपुरले बिर्तामोड नगरपालिका-३ का हरि प्रसाद राजवंशीलाई ३ ग्राम २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

चेकजाँचकै क्रममा मोरङको इलाका प्रहरी कार्यालय सिजुवाले रतुवामाई नगर पालिका-७ का अमिल लिम्बुलाई ११० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ ।

गाँजा सहित पक्राउ परेका दुबै जनाको थप अनुसन्धान तथा आवश्यक कानूनी कारवाही भईरहेको छ ।

# गाँजा बोकेको स्कारपिया गाडी सहित ३ जना पक्राउ

सुनसरी । सुनसरीको धरान उप-महानगरपालिका-१३ कोशी लोकमार्ग स्थितबाट लागूऔषध गाँजा बोकेको स्कार्पियो गाडी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वैशाख ५ गते इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बीआर १० पीवी २२४१ नम्वरको गाडीको सिट मुनी लुकाई छिपाई राखेको अवस्थामा ५९ किलोग्राम गाँजा बरामद गरेको थियो ।

गाडीबाट लागूऔषध गाँजा बरामद भए संगै चालक भारत सुपौलका सुवोध कुमार सहित गाडीमा सवार रोहित कुमार र मोहम्मद जमशेरलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरी रहेको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेश राठी
उद्योगी व्यवसायी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विविक मालपानी
उद्योगी व्यवसायी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्द किशोर राठी
उद्योगी व्यवसायी

क्राईम अपरेशन
CRIME OPERATION

# उपभोक्ता समिति हटाउने प्रस्तावले साना विकास योजनामाथि खतरा : स्थानीय सहभागिता र रोजगारी मा असर पर्ने चिन्ता



रमेश कुमार बोहोरा

काठमाडौं । सार्वजनिक खरिद ऐन संशोधनको प्रस्तावित मस्यौदामा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई खरिद प्रक्रियाबाट हटाउने व्यवस्था समावेश भएपछि देशभर यसको व्यापक विरोध सुरु भएको छ । विशेषगरी साना तथा स्थानीय स्तरका विकास आयोजनामा प्रत्यक्ष संलग्न हुँदै आएका उपभोक्ता समितिलाई हटाउने प्रस्तावले कानुनी राज्यको नाममा असमानता र केन्द्रीकरण बढाउने खतरा देखिएको भन्दै सरोकार वालाहरूले सरकारको कदममाथि गम्भीर प्रश्न उठाएका छन् ।

हालको व्यवस्थाअनुसार स्थानीय स्तरमा १० लाखदेखि ६० लाखसम्मका साना आयोजना उपभोक्ता समितिमार्फत छिटो, सस्तो र प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् । गाउँ-टोलमै गठन हुने यस्ता समितिले १०-१५ दिनमै काम सम्पन्न गर्ने उदाहरणहरू प्रशस्तै छन् । यसले एकातिर स्थानीय रोजगारी सिर्जना गरेको छ भने अर्कोतर्फ निर्माण कार्यमा प्रत्यक्ष निगरानीका कारण गुणस्तर पनि सुनिश्चित हुँदै आएको स्थानीयहरूको अनुभव छ । तर प्रस्तावित संशोधनले यही संरचनालाई हटाएर सम्पूर्ण काम ठेक्का प्रणालीमा लैजान खोजेको देखिन्छ, जसले साना आयोजना हरूमा अनावश्यक लागत वृद्धि र ढिलाइ निम्त्याउने जोखिम रहेको विज्ञहरू बताउँछन् ।

युवा पुस्ता, विशेषगरी 'जेन्जी' समूहले समेत उपभोक्ता समिति हटाउने प्रस्तावको खुलेर विरोध गरेका छन् । उनीहरूको तर्क छ । साना आयोजनालाई करोडौंको ठेक्कामा रूपान्तरण गर्दा भ्रष्टाचार बढ्ने मात्र होइन, स्थानीयको पहुँच र सहभागिता समाप्त हुने खतरा हुन्छ । स्थानीय युवाहरूका अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाले गाउँमै रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोत साधनको उपयोग गर्ने र काम छिटो सम्पन्न गर्ने अभ्यासलाई संस्थागत गरेको छ । यस्तो प्रणाली हटाउनु विकासको विकेन्द्रीकरणको अवधारणाविपरीत हुने उनीहरूको भनाइ छ ।

सरकारले भने खरिद प्रक्रियामा पारदर्शिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले ऐन संशोधन गर्न लागेको दाबी गरेको छ । प्रस्तावित मस्यौदामा पेस्की रकमको दुरुपयोग रोक्न कडा प्रावधान, समयमै काम नगर्ने ठेकेदारमाथि कारबाही, जिम्मेवार कर्मचारीलाई दण्ड तथा उत्कृष्ट काम गर्नेलाई पुरस्कार दिने व्यवस्था समावेश गरिएको छ । तर यस्ता सुधारका नाममा उपभोक्ता समितिलाई नै विस्थापित गर्नु समाधानभन्दा समस्या बढाउने कदम हुने विश्लेषकहरूको धारणा छ ।

अघिल्ला सरकारहरूको अनुभवले पनि उपभोक्ता समितिसम्बन्धी निर्णयहरू विवादित बनेको देखिन्छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले उपभोक्ता समितिको अधिकार सीमित गर्ने प्रयास गर्दा व्यापक आलोचना भएपछि पछि त्यसलाई सुधार्न बाध्य भएका थिए । त्यसैले अहिले फेरि त्यही विषयलाई उठाएर विवाद निम्त्याउनु सरकारको नीतिगत अस्थिरताको संकेत भएको आलोचकहरू बताउँछन् ।

विज्ञहरूका अनुसार उपभोक्ता समितिमा केही कमजोरीहरू अवश्य छन् जस्तै पारदर्शिताको अभाव, राजनीतिक हस्तक्षेप, र कहिलेकाहीं गुणस्तरमा सम्झौता तर समाधानको उपाय सुधार र कडाइ हुनु पर्नेमा पूर्ण रूपमा खारेज गर्नु गलत दृष्टिकोण हुने उनीहरूको भनाइ छ । कडा मापदण्ड, नियमित अनुगमन, पारदर्शी लेखा प्रणाली र उत्तरदायित्व सुनिश्चित गरेर उपभोक्ता समितिलाई अझ प्रभावकारी बनाउन सकिने उनीहरूको सुझाव छ ।

अर्कोतर्फ साना योजनालाई ठेक्का प्रक्रियामा लैजाँदा प्रशासनिक जटिलता बढ्ने, समय लम्बिने र लागत अनावश्यक रूपमा फुल्ने सम्भावना उच्च हुन्छ । ग्रामीण क्षेत्रमा ठेकेदारको पहुँच सीमित हुने, काम अधुरो छाड्ने वा ढिलाइ गर्ने प्रवृत्ति दोहोरिने जोखिम पनि त्यत्तिकै गम्भीर छ । यसले विकासप्रति जनविश्वास कमजोर पार्ने खतरा रहेको स्थानीय तहका प्रतिनिधिहरू बताउँछन् ।

सरकारले मस्यौदालाई प्रारम्भिक चरणमा रहेको भन्दै सुझाव संकलन गरिरहेको जनाएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार सरोकारवाला निकाय, विज्ञ तथा सर्वसाधारणबाट प्राप्त सुझाव समेटेर अन्तिम मस्यौदा तयार पारिनेछ, जसलाई मन्त्रिपरिषद् हुँदै संसद्मा पेश गरिनेछ । तर सरोकारवालाहरूले उपभोक्ता समितिसम्बन्धी प्रावधानलाई पहिलो प्राथमिकतामा राखेर पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका छन् ।

कानुनी राज्यमा सबैलाई समान अवसर र सहभागिता सुनिश्चित गर्नु मूल आधार मानिन्छ । स्थानीय समुदायलाई नै बाहिर राखेर विकास प्रक्रिया अघि बढाउने प्रयासले केन्द्रमा शक्ति केन्द्रीकरण गर्ने र जनसहभागिता कमजोर बनाउने संकेत देखिएको छ । त्यसैले उपभोक्ता समितिलाई हटाउने होइन, सुधार गरेर अझ सशक्त बनाउने दिशामा अघि बढ्नुपर्ने आवाज बलियो बन्दै गएको छ ।

# सार्वोत्कृष्ट प्रहरी घोषित



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले वडा प्रहरी कार्यालय भद्रपुर, झापामा कार्यरत प्रहरी निरीक्षक मोतिलाल योञ्जन तामाङलाई २०८२ साल चैत्र महिनाको "सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी निरीक्षक मोतिलाल योञ्जन तामाङले "अपरेसन ब्राउन" अन्तर्गत भद्रपुर एरियामा लागू औषध नियन्त्रणलाई अभियानकै रूपमा सञ्चालन गरीएको थियो ।

चैत्र महिनाभरी लागू औषध सम्बन्धी १५ वटा मुद्दामा संलग्न ३२ जना अभियुक्तलाई पक्राउ गरी उनीहरूको साथबाट जम्मा ३४६ ग्राम ५७ मिलिग्राम लागू औषध ब्राउन सुगर, नगद ३ लाख रुपैया सहित बरामद गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको, भन्सार छलीका १० लाख ४७ हजार बराबरको बिभिन्न अवैध सामानहरु बरामद गरेको थियो ।

त्यसैगरी विभिन्न मुद्दाका ९ जना फरार प्रतिवादीलाई पक्राउ गरिनुका सथौ जेनजी आन्दोलनको क्रममा पूर्ण रूपमा क्षति ग्रस्त वडा प्रहरी कार्यालय भद्रपुरको कार्यालय तथा ब्यारेक मर्मत, आवश्यक फर्निचर, विद्युतिय सामाग्री व्यवस्थापन तथा मेची बिटको पुनः स्थापनाको निम्ति स्थानीय निकाय, विभिन्न संघ-संस्था तथा स्थानीयबासिहरु सँग समन्वयात्मक भूमिका निर्वाह गरेको थियो ।

प्रहरी चौकी मेचीपारीको नयाँ जग्गा प्राप्तिको लागी नेतृत्वदायी भूमिका निर्वाह गरेको साथै वडा प्रहरी कार्यालय भद्रपुरको नयाँ भवन निर्माण तथा जग्गा प्राप्तिको लागी निरन्तर पहल गरिरहेको साथै सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी आम नागरिकमा शान्ति सुरक्षाको अनुभुति हुने किसिमले आफ्नो पदीय दायित्व तथा जिम्मेवारी उत्कृष्ट तवरबाट बहन गरेको हुँदा प्रहरी निरीक्षकबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८२ साल चैत्र महिनाको "सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको छ ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनबन्धु गोयल
उद्योगी व्यवसायी एवं समाज सेवी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जुगल राठी
गोल्ड सिलभर मार्ट विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डि. ए. भी. स्कुल परिवार
रानी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैद्य परमेश्वर मुर्मू
जगदम्बा जडीबुटी सेन्टर विराटनगर

## स्वार्थको...

च्यानलहरूले मात्रै फेक न्युज दिँदैनन् । ठुला पदमा आसीन मान्छेहरूले पनि दिन सक्छन् भन्ने हेक्का राख्ने ।

- सनसनीपूर्ण खुलासा, लाइक, कमेन्ट, शेयर, सब्सक्राइब गर्नुहोस् आदि अनुरोध गरिएको छ भने झनै सचेत हुने ।
- दिइएको लिङ्कमा थिच्दा अन्य ठाउँमा पुगिने, विषयवस्तु एकातर्फ र शीर्षक अर्कोतर्फ हुने अवस्था आयो भने थप सतर्क रहेर जाँचबुझ गर्ने ।
- नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकेका सम्बन्धित निकायहरूमा दर्ता गरेका विश्वसनीय र वैधानिक सञ्जाल हरू मार्फत प्रकाशित सूचना स्रोतहरूलाई अध्ययन र प्रयोग गर्ने ।

फेक न्युजबाट बच्ने कसरी ?

फेक न्युज एकल प्रयासले रोक्न नसकिए पनि त्यसबाट बच्न र सचेत रहन सकिन्छ । फेक न्युज नियन्त्रणका लागि सर्वप्रथम फेक न्युज के हो ? कसरी बच्न सकिन्छ भन्ने विषय बुझ्न जरुरी छ । फेक न्युज चिनिसकेपछि यसबाट बच्न झनै सजिलो छ ।

- सामाजिक सञ्जालमा देखिने/भेटिने हरेक पोस्टलाई 'सत्य' नठान्ने ।
- कुनै पनि सामग्री लाइक, कमेन्ट, शेयर गर्नु अघि तथ्य जाँच गर्ने ।
- फेसबुक/अनलाइन बहसमा अत्यधिक भावनात्मक प्रतिक्रिया नदिने ।
- आफूले थाहा पाएको मिथ्या सूचना/समाचारबारे प्रमाणसहित अन्यलाई जानकारी दिने ।
- सनसनीपूर्ण समाचार आयो भन्दै शेयर गर्नुअघि मिडिया सम्बन्धी अलि बढी जानकारी राख्ने, चिनेको साथीलाई सोध्ने ।
- स्कुल, कलेजमा डिजिटल साक्षरता पाठ्यक्रम समावेश गर्ने ।
- सामाजिक सञ्जाल कम्पनी हरूलाई एल्गोरिदम सुधारेर फेक सामग्री घटाउने, लेबलिङ र हटाउने नीति कडा बनाउने ।
- राज्य र मिडिया संस्थाले प्रभावकारी फ्याक्ट चेकिङ युनिट या मेकानिजम बनाउने ।
- डिजिटल साक्षरतालाई व्यापक र प्रभावकारी सञ्चालनका साथै लगानी गर्ने ।
- फेक न्युज फैलाउनेलाई कानुनी कारबाही र जनचेतना अभियान फैलाउने ।

पछिल्लो चरण भ्रामक र मिथ्या सूचनाको जालो तोड्ने उपायका रूपमा तथ्य जाँच अपनाइएको छ। कुनै भाइरल सूचना वा दाबीलाई विश्वसनीय प्रमाण सङ्कलन गरी त्यो सही, गलत वा भ्रामक भनी लेबल लगाउने वा निचोडमा पुग्ने प्रक्रिया नै 'फ्याक्ट चेक' हो। सनसनीपूर्ण खालका सूचना, भिडियो, समाचार शेयर, कमेन्ट गर्नेलाई पनि कारबाही हुनसक्छ । तसर्थ, कुनै समाचार सही हो वा गलत भनेर चिन्न जरुरी हुन्छ । गलत वा भ्रामक सूचना बाहिरबाट मात्रै आउने संकट होइन। हामी भित्रै रहेको सोच, अस्पष्टता र बुझाइले पनि निम्तिन सक्छ तसर्थ सर्व प्रथम हामी स्वयं स्पष्ट, सचेत र जिम्मेवार हुनु पर्छ । सूचना कसरी ग्रहण गर्ने, तिनको कसरी मूल्याङ्कन गर्ने हामीमा निर्भर छ ।

सही सूचना र समाचार प्राप्त गर्नु प्रत्येक नागरिकको अधिकार हो । त्यसैले फेक न्युज प्रकाशित गर्ने, प्रसारण गर्ने जो कोहीलाई पनि नेपालको प्रचलित कानुन अनुसार कडा कारबाही गरिनुपर्छ । फेक न्युज रोक्ने र शुद्ध सूचना/समाचार प्राप्त गर्ने अवसर सिर्जनाका लागि सञ्चार उपभोक्ता, सञ्चारकर्मी, सञ्चारमाध्यम, सम्बद्ध सरकारी निकायबिच शिक्षा, सजगता र सहकार्य आवश्यक छ । (चौलागाईं नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हुन् ।) रातोपाटीबाट




# ब्राउन सुगर सहित मोरंग र सुनसरीबाट ५ पक्राउ

विराटनगर । लागुऔषध ब्राउन सुगर सहित सुनसरी र मोरंग जिल्लाबाट ५ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

मोरङको विराटनगर महानगरपालिका-११ स्थितबाट १०० ग्राम १८० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । वैशाख ३ गते विशेष सुचनाको आधारमा लागू औषध नियन्त्रण ब्यूरो विराटनगर र वडा प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरी टोलीले संकास्पद अवस्थामा रहेका भारत अररिया सिक्टीका ४४ वर्षिय मोहम्मद सरिफ र मोरङको जहदा गाँउपालिका-७ कि ४९ वर्षिया लालमन मुखियालाई १०० ग्राम १८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरी र मोरङबाट लागू औषधमा संलग्न ३ जना पक्राउ परेका थियो । वैशाख २ गते मोरङको इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्यूरो विराट नगरले चेकजाँचको क्रममा विराटनगर-१५ स्थितबाट २० ग्राम ५५० मिलिग्राम ब्राउन सुगर सहित काठमाडौं महानगर पालिका-२६ का सयल थापा मगरलाई नियन्त्रणमा लिएको थियो ।

सुनसरीको अस्थायी प्रहरी चौकी नडाहाले बराहक्षेत्र नगरपालिका-३ स्थितबाट उदयपुर चौदण्डीगढी नगरपालिका- ६ का राज राई र खुसे राईलाई प्रतिबन्धित लागू औषध ट्रामाडोल १ हजार ६१० क्याप्सुल र नियन्त्रित औषधी

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सगरमाथा उच्च माध्यमिक विद्यालय परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कोशी हेल्थ इन्सिटच्यूट परिवार, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विराटनगर दुग्ध वितरण आयोजना कंचनवारी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NEURO CARDIOMULTISPECIALITY HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लाईफ गार्ड हस्पिटल परिवार बरगाछी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोल्डेन हस्पिटल परिवार हस्पिटल चौक विराटनगर